# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष ६ अङ्क १६ पूर्णाङ्क २५४ २०७८ असोज २५ गते सोमबार Monday, 11 Oct., 2021 पृष्ठ ८+६=१४ मूल्य रू. १०।-


## ८८ दिनमा देउवा सरकारले पायो पूर्णता



काठमाडौँ । सर्वोच्च अदालतको परमादेशबाट सरकारको नेतृत्व गर्न पुगेका शेरबहादुर देउवाले आफू प्रधानमन्त्री भएको ८८ दिनपछि पुर्ण रुपमा मन्त्री परिषद विस्तार गरेका छन् ।

गत असार २९ गते गठन भएको देउवा सरकारले शुक्रबार १८ जना मन्त्री र राज्यमन्त्री थपेर सरकारलाई पूर्णता दिएको हो ।

यससँगै देउवा क्याबिनेटले पनि पूर्णता पाएको छ। यसअघि चार जना मन्त्रीसहित प्रधानमन्त्री देउवाले असार २९ गते प्रधानमन्त्रीको सपथ लिनुभएको थियो । त्यसपछि साउन १० मा स्वास्थ्य राज्यमन्त्रीमा उमेश श्रेष्ठलाई थपिएको थियो भने पछिल्लो पटक नारायण खड्का परराष्ट्र मन्त्रीमा नियुक्त हुनुभएको थियो ।

# एमसीसी पास नभए 'अर्लि इलेक्सन'?

काठमाडौं । नेपाली कांग्रेसका सभापति समेत रहेका प्रधानमन्त्री शेरबहादुर देउवाले एमसीसी सहमतिमा पास गराउन पुष्पकमल दाहाल र माधवकुमार नेपालमाथि दबाब दिइरहेका छन् । उनले एमसीसीमा सहमति नजनाए केपी ओलीसँग मिलेर 'अर्लि इलेक्सन'मा जाने धम्की दिइरहेका छन् ।

अमेरिकाको मिलेनियम च्यालेन्ज कर्पोरेसनले एमसीसीमा संशोधन गर्न नसकिने बताएपछि नेकपा (माओवादी केन्द्र) र नेकपा एकीकृत समाजवादीले यथास्थितिमा एमसीसी पारित गर्न नसकिने जनाइसकेका छन् । एमसीसीकै विषयलाई लिएर गठबन्धन अहिले धर्मराएको स्थितिमा छ । एमसीसीमा प्रधानमन्त्री देउवा र विपक्षी दलका नेता ओलीको 'केमेस्ट्री' मिल्न सक्ने आकलन हुँदैछ। त्यसक्रममा सरकारका प्रवक्तासमेत रहेका ज्ञानेन्द्रबहादुर कार्की पटक पटक ओली निवास बालकोट पुगेर साउती गरेका छन् । एमसीसीकै विषयलाई लिएर ओली र देउवाबीच सहकार्यको हल्ला चल्न थालेपछि प्रचण्ड र माधवकुमार नेपालको ओठतालु सुकेको छ ।

प्रधानमन्त्री देउवाले मन्त्रिपरिषद् विस्तारमा पनि एमसीसीमा पास गर्ने शर्त अगाडि सारेका थिए । संसदमा प्रतिनिधित्व गर्ने दलहरु कांग्रेस, एमाले, जनता समाजवादी, राजपा लगायतका पार्टीहरु एमसीसी पास गर्नुपर्ने पक्षमा खुलेका छन् भने माओवादी केन्द्र, एकीकृत समाजवादी, राष्ट्रिय जनमोर्चा र नेमकिपा एमसीसी सम्झौता संसदबाट पास गर्न नहुने पक्षमा देखिएका छन् । त्यसैगरी निजी क्षेत्रको साझा व्यावसायिक प्रतिष्ठान नेपाल उद्योग बाणिज्य महासंघका अध्यक्ष शेखर गोल्छा, सिएनआइका अध्यक्ष विष्णु अग्रवाल र नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजेन्द्र मल्लले विज्ञप्ति निकालेर नै एमसीसी पास गर्न दबाब दिएका छन् ।

यता एमसीसी खारेजी आन्दोलनमार्फत् एमसीसी सम्झौता खारेजीको माग गर्दै देशभक्त, वामपन्थी तथा कम्युनिस्ट क्रान्तिकारी शक्तिहरुले सडक संघर्षलाई जारी राखेका छन् । २२ असोजमा माइतीघर मण्डलादेखि नयाँ बानेश्वरसम्म निकालिएको विरोध र्‍याली र नयाँ बानेश्वरमा भएको विरोधसभामा नेकपा (क्रान्तिकारी माओवादी), देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल लगायत आन्दोलनमा सम्मिलित दलका नेताहरुले एमसीसी कुनै पनि हालतमा पास नगर्न चेतावनी दिएका छन् । उनीहरुले एमसीसी पास गर्न वक्तव्य निकालेर दबाब दिने निजी क्षेत्रका संघसंस्थाका प्रमुखहरुको पनि कडा विरोध गरेका छन् । नेकपा (क्रान्तिकारी माओवादी)का नेता दिनेश शर्मा, देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका प्रदेश ३ का अध्यक्ष पवनमान श्रेष्ठ, राष्ट्रिय जागरण परिषदका अध्यक्ष साध्यबहादुर भण्डारी, राष्ट्रिय जागरण मञ्चका संयोजक गुणराज लोहनी लगायतका नेताहरुले एमसीसीको वकालत गर्ने दलालहरुको एक एक हिसाब किताब राखेको र उचित समयमा राम्रो सबक सिकाउने चेतावनी दिएका छन् ।

मिलेनियम च्यालेञ्ज कर्पोरेशनकी उपाध्यक्ष फातिमा सुमारले चार दिने काठमाडौं भ्रमण गरेपछि एमसीसी परियोजनलाई चाँडो टुंगोमा पुर्‍याउने चर्को दबाबमा प्रधानमन्त्री शेरबहादुर देउवा परेका छन् । तर गठबन्धनका दुई प्रमुख दल नेकपा एकीकृत समाजवादी र माओवादी केन्द्रको समर्थन बिना एमसीसी संसदबाट अनुमोदन हुने अवस्था छैन ।

श्रोतका अनुसार, एमसीसी पास गर्ने शर्तमा माओवादी अध्यक्ष दाहाल र नेकपा एकीकृत समाजवादी अध्यक्ष नेपालले सहमति नजनाए ताजा निर्वाचनमा जाने धम्की प्रधानमन्त्री देउवाले दिएका छन् । प्रधानमन्त्री देउवा आगामी २०७८ मंसिर ९ गतेबाट हुने पार्टीको १४ औं महाधिवेशन सम्पन्न भएपछि मुलुकको राजनीतिले फरक कोर्स समात्ने आँकलन गर्न थालिएको छ । २०७४ सालमा सम्पन्न आमनिर्वाचनमा पराजित भएका पार्टीका वरिष्ठ नेताहरू रामचन्द्र पौडेल, विमलेन्द्र निधि, गोपालमान श्रेष्ठ, कृष्णप्रसाद सिटौलालगायतले अर्ली आमनिर्वाचनका लागि प्रधानमन्त्री देउवालाई दबाब दिइराखेका छन् ।

२०७८ असोज १७ गते आइतबार पहिलोपटक पार्टीको विधान संशोधन महाधिवेशन सम्पन्न गरेर आगामी २०७८ मंसिरको दोस्रो साता दशौं महाधिवेशन गर्ने निधो गरेको नेकपा एमाले अहिले पनि मुलुकको राजनीतिक समस्या समाधान गरेर अगाडि बढ्नका लागि ताजा निर्वाचन आवश्यक रहेको भन्दै आएको छ ।

प्रमुख प्रतिपक्ष नेकपा एमाले चाँडो निर्वाचनमा पक्षमा रहँदा सरकारको नेतृत्व गरेको नेपाली कांग्रेसका कतिपय नेता पनि पार्टीका लागि अहिलेको जस्तो अवसर फेरि दोहोरिएर नआउने भन्दै चाँडोभन्दा चाँडो निर्वाचनमा जानुपर्ने मत व्यक्त गर्न थालेका छन् ।

एमसीसीबाट सहयोग लिनै नहुने, संशोधन गरेर लिन हुने र जस्ताको तस्तै लिनु पर्ने तीन थरी तर्क र बहस नेपालमा भइरहेको छ ।

संसदबाट पारित गर्नुपर्ने प्रावधानका कारण सरकारले मन्त्रिपरिषदबाट निर्णय गरेर संसद् सचिवालयमा दर्ता गरेको चार महिना बितिसकेको छ। तर प्रक्रिया अगाडि बढ्न सकेको छैन । प्रक्रिया अघि नबढेपछि एमसीसीले वरिष्ठ अधिकारीलाई नेपाल पठाएर धारणा सार्वजनिक गर्न दबाब दिइसकेको छ ।

यो परियोजना अमेरिकाले अघि सारेको इण्डो-प्यासिफिक स्ट्राटेजी (आईपीएस) को अङ्ग भएका कारण नेपाल स्वतः अमेरिकी सैनिक गठबन्धनमा सामेल हुने, देशको सार्वभौमसत्तामा आँच आउने र असंलग्न बाँकी ११ पेजमा

## प्रकाण्ड, मणि थापा र प्रभु साहबीच राजनीतिक छलफल



काठमाडौं । नेत्रविक्रम चन्द (विपल्व) नेतृत्वको नेकपाका प्रवक्ता खडगबहादुर विश्वकर्मा प्रकाण्ड, पूर्वमन्त्रीद्धय प्रभु साह र मणिचन्द्र थापाबीच राजनीतिक छलफल भएको स्रोतले जनाएको छ ।

मणि थापा, असन्तुष्ट नेता साह र प्रकाण्डबीच पछिल्लो राजनीतिक अवस्थाको बारेमा छलफल भएको बाताइएको छ। काठमाडौंको शान्तिनगरस्थित नेता साहको निवासमा पछिल्लो राजनीतिक अवस्थाको बारेमा छलफल भएको छ ।

८ बुँदे माग सहितको पत्र अध्यक्ष केपी शर्मा ओलीलाई बुझाएका साहले माग सम्बोधन नभएपछि छुटै दल गठनको आन्तरिक तयारी गरिरहेको बेला भएको यस भेटघाटलाई बिभिन्न कोणमा विश्लेषण भइरहेको छ ।

साहनिकट एक नेताका अनुसार देशको बदलिदो परिवेश र समसामयिक राजनीतिक विषयमा छलफल भएको छ। एमाले अध्यक्ष ओलीसंग असन्तुष्ट रहेका नेता साहले पछिल्लो समय कम्युनिष्ट पृष्टभुमि भएका विभिन्न नेताहरुलाई भेटघाट गर्दै एउटै मोर्चामा आबद्ध गराउन कोशिस गरिरहेका छन् ।

यसैबीच, नेपाल कम्युनिस्ट पार्टीका प्रवक्ता समेत रहेका प्रकाण्डले नेपाल सरकारका गृहमन्त्री बालकृष्ण खाँड र सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्र बहादुर कार्कीलाई शनिबारै भेट गरेका छन् । उक्त भेटका क्रममा ३ बुँदे सहमति कार्यान्वयन, बन्दी रिहा र मुद्दा खारेजका विषयमा गम्भीर छलफल भएको र छलफल सकारात्मक रहेको बताइएको छ ।

# अमेरिकी साम्राज्यवादका विरुद्ध नेपाली जनता २१ औं शताब्दीका भियतनामी बनेर लड्न तयार छन् : नेता शर्मा

काठमाडौं । नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)का नेता दिनेश शर्मा सागरले अमेरिकी साम्राज्यवादका विरुद्ध नेपाली जनता २१ औं शताब्दीका भियतनामी बनेर लड्न तयार रहेको विचार व्यक्त गर्नुभएको छ। एमसीसी खारेजी आन्दोलनले शुक्रबार काठमाडौंमा आयोजना गरेको विरोध प्रदर्शनलाई सम्बोधन गर्दै नेता शर्माले यस्तो बताउनु भएको हो ।



नेकपा (क्रान्तिकारी माओवादी)का पीवीएम तथा प्रदेश ३ का इन्चार्ज समेत रहनु भएका नेता शर्माले बेलायती साम्राज्यवादलाई धुलो चटाएका वीर नेपालीका सन्ततीहरुसँग एक्काइसौं शताब्दीमा अमेरिकी साम्राज्यवादलाई पनि धुलो चटाउन सक्ने तागत रहेको चेतावनी दिनुभयो । एमसीसी परियोजनाको आवरणमा अमेरिकाले नेपालको प्राकृतिक स्रोत साधन र नेपाली श्रमलाई समेत कब्जा गर्ने र त्यसलाई नेपालको उत्तरी छिमेकी मुलुक चीनका विरुद्ध प्रयोग गर्ने दुरासय राखेको भन्दै अमेरिकी साम्राज्यवादको त्यो मिसन कदापि पुरा हुन नदिने दाबी समेत गर्नुभयो ।

राष्ट्रिय स्वाधीनतको मुद्दालाई प्रधान मुद्दा बनाएर नेकपा (क्रान्तिकारी माओवादी) सडक संघर्षमा उत्रिएको भन्दै उहाँले एमसीसी जस्तो राष्ट्रघाती सम्झौता संसदबाट पास गरे नेपाली जनताले ती सांसदहरुलाई देसद्रोही करार गर्दै जिल्ला प्रवेशमा रोक लगाउने समेत चेतावनी दिनुभयो । र, एमसीसी पास गर्नुपर्छ भनेर वकालत गर्ने अमेरिकी साम्राज्यवादका नयाँ दलालको रुपमा व्यक्ति र संस्थाहरु देखिन थालेको चर्चा गर्दै उहाँले त्यस्ता दलालहरुको एक एक हिसाब राखिने र अब दलाली नगर्न पनि चेतावनी दिनुभयो ।

मुलुकको सार्वभौमसत्ता, स्वाधीनता र क्षेत्रीय अखण्डताको रक्षाका निमित्त क्रान्तिकारी माओवादी जस्तोसुकै कदम पनि चाल्न पछि नपर्ने भन्दै त्यसका लागि सच्चा देशभक्त, वामपन्थी तथा कम्युनिस्ट क्रान्तिकारी शक्तिहरु एकताबद्ध भएर राष्ट्रिय प्रतिरोध संघर्ष संगठित गर्न अपरिहार्य रहेको कुरामाथि विशेष जोड दिनुभयो ।

देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका सचिवालय सदस्य तथा प्रदेश ३ का अध्यक्ष पवनमान श्रेष्ठले सञ्चालन गरेको कार्यक्रममा राष्ट्रिय जागरण मञ्चका संयोजक गुणराज लोहनी, नेता साध्यबहादुर भण्डारी लगायतका एमसीसी खारेजी आन्दोलनमा सम्मिलित राजनीतिक पार्टी तथा संगठनका नेताहरुले सम्बोधन गर्नुभएको थियो ।

# विचार मिल्ने कम्युनिस्ट क्रान्तिकारीहरू एकताबद्ध बन्न र ध्रुवीकृत हुन अब ढिला गर्नुहुन्न : हरिभक्त कँडेल

काठमाडौं । नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) का स्थायी समिति सदस्य तथा पार्टी प्रवक्ता हरिभक्त कँडेल प्रतीकले संसदीय व्यवस्था भनेको संसदवादी दलहरु मिलिजुली सत्तामा जाने बाँडीचुँडी देश र जनतालाई लुट्ने व्यवस्था भएको चर्चा गर्नुहुँदै यस्तो भ्रष्ट व्यवस्था फाल्न विचार मिल्ने कम्युनिस्ट क्रान्तिकारीहरु एकताबद्ध बन्न र ध्रुवीकृत हुन अब ढिला गर्न नहुने विचार व्यक्त गर्नु भएको छ ।

क्रान्तिकारी माओवादी निकट जिल्ला जनगणतान्त्रिक सम्पर्क मञ्चले नजिकिदै गरेको दशैको अवसरमा आयोजना गरेको राजनीतिक भेटघाट तथा चियापान कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै प्रवक्ता प्रतिकले संसदवादी र संशोधनवादीहरुले साम्राज्यवादी नवउदारवादी आर्थिक नीति अँगालेर जनतामा समाजवादको भ्रम बाँडिरहेको भन्दै संशोधनवादी कम्युनिस्टहरुको भण्डाफोर गरेर जानुपर्नेमा जोड दिनुभयो । कम्युनिस्टको नाममा एकथरिहरुले विचार र वर्गबाट विचलित भएर अर्कै धन्दा चलाइरहेको चर्चा गर्दै उहाँले कम्युनिस्टहरुको धर्म मानव धर्म हुने बताउनु भयो । नेपालबाट संसदवाद र संशोधनवाद पुर्ण रुपमा असफल भएकोले अब संघीय जनगणतन्त्र अनिवार्य र अपरिहार्य बनिसकेकोमा जोड दिनु भयो । सो अवसरमा उहाँले नेता कार्यकर्तालाई जनतामा जोडिने कार्ययोजनाहरु बनाउन पनि निर्देशन दिनुभयो ।

कार्यक्रमलाई सम्बोधन गर्दै पार्टी पिविएम तथा प्रदेश ३ का इन्चार्ज दिनेश शर्मा सागरले राष्ट्रिय स्वाधीनताको संघर्ष नै अहिलेको प्रधान संघर्ष रहेकोले राष्ट्रिय प्रतिरोध संघर्ष उठाउन जोड दिनुपर्ने बताउनु भयो ।

त्यसैगरी पार्टी पिविएम सिताराम तामाङले धार्मिक, साँस्कृतिक, जातीय आदि सबै विभेद र उत्पीडनहरू वर्गसत्ताको उपज भएको भन्दै अवैज्ञानिक संस्कार, रीतिरिवाजहरु त्याग्नु पर्ने बताउनु भयो ।

सोही कार्यक्रममा पार्टीका सल्लाहकार अध्यक्ष तथा अखिल नेपाल आदिवासी जनजाति महासंघका अध्यक्ष प्रा.डा. ओम गुरुङले चाडवर्वहरु माफियाहरुलाई धन कमाउने अवसर हुने तर श्रमजीवी गरिबहरुलाई दशै होइन दशाको रुपमा आउने गरेको भन्दै आमूल परिवर्तनका पक्षधरहरुले चाडबाडलाई शोषण, विभेद र उत्पीडनका विरुद्ध संघर्ष वा आन्दोलनको रुपमा मनाउनु पर्ने विचार व्यक्त गर्नुभयो । बाँकी २ पेजमा

# न्यायपालिका र कार्यपालिकाबीच साँठगाँठ, संसदीय व्यवस्था विघटनको दिशामा

काठमाडौं । अन्ततः कार्यपालिकामा न्यायपालिकाले भागबण्डा खोजेको र भागबण्डा गरिएको कुरा प्रमाणित हुन पुगेको छ । बोल कबोल(सेटिङ)बाट नै शेरबहादुर देउवा परमादेशबाट प्रधानमन्त्रीमा नियुक्त हुन पुगेका रहेछन् भन्ने प्रमाणित हुन पुग्यो । प्रधानन्यायाधीश चोलेन्द्र शमशेर राणाले मन्त्रीमा भागबण्डा खोजेको आरोप लागिरहेका बेला प्रधानमन्त्री देउवाले प्रधानन्यायाधीशकै नातेदार गजेन्द्र हमाललाई उद्योगमन्त्री बनाएका छन् ।

प्रधानमन्त्रीको दल नेपाली कांग्रेससँग पुरानो साइनो जोडिए पनि हमाल प्रधानन्यायाधीश राणाको कोटाबाट मन्त्री बनेका हुन् । कांग्रेसको सक्रिय राजनीतिबाट टाढा भइसकेका हमाल एकाएक मन्त्री बन्नुको कारण प्रधानन्यायाधीश राणा नै हुन् भन्ने घटनाक्रमले पुष्टि गरेको छ ।

पूर्ववर्ती सरकारको नेतृत्व गरेका केपी ओलीद्वारा दोस्रो पटक विघटित संसद पुनःस्थापनामा भूमिका खेलेका कारण समेत प्रधानन्यायाधीश राणाले मन्त्रीको बार्गेनिङ गरेको जानकारहरूको दाबी छ। यो दाबी किन पनि सत्यको नजिक छ भने हमाल अहिलेको सक्रिय राजनीतिक वृत्तमा कतै देखा परेका पात्र होइनन् । गैरसांसद व्यक्ति हमाल अचानक मन्त्री बन्नुले यसमा न्यायालयको भूमिका कारक बन्न गएको देखिन्छ । अहिलेको मन्त्रिपरिषद्मा हमाल मात्र सांसद नभए पनि मन्त्री बन्ने पात्र हुन् ।

यस्तो पृष्ठभूमिमा अन्ततः कांग्रेस कार्यकर्ताको लेप लगाउँदै प्रधानन्यायाधीश राणाले आफ्नो



स्वार्थपूर्ण पात्रलाई कार्यपालिकामा लगेरै छोडे । फेरि प्रधानन्यायाधीश राणाको प्रवृत्ति पनि खास फैसालपछि राजनीतिक लेनदेन गर्ने किसिमकै छ । तत्कालीन सत्ताधारी दल नेकपाको आन्तरिक शक्ति संघर्ष चुलिँदै गएपछि राणाले नजानिँदो गरी एउटा पक्षबाट लाभ लिएको उदाहरण छ। पूर्ववर्ती सरकारले अध्यादेशमार्फत गरेको संवैधानिक पदाधिकारी नियुक्तिको विवादस्पद निर्णयमा प्रधानन्यायाधीश राणासमेत अंशियार बनेका थिए ।

गत ३० मंसिरमा तत्कालीन ओली सरकारले बाँकी ९ पेजमा

# सामन्तवाद, देशभक्त र क्रान्तिकारी शक्ति

***आज जनयुद्धका नायक भनिएका केही नेताहरूले जनयुद्धलाई प्रतिक्रियावादी वर्गको हातमा बुझाएर त्यसको हत्या गरे पनि जनयुद्धको कार्यभार अझै पूरा भएको छैन । त्यो पूरा गर्ने जिम्मेवारी आजका क्रान्तिकारी पार्टी र जनताको हातमा आएको छ***



● हिरामणि दुःखी ●

हुन्छन् भनेर बुझ्ने गल्ती गरियो भने यसले ठूल्ठूला दुर्घटनाहरू निम्त्याउने त्यत्तिकै खतरा रहन्छ। तसर्थ एउटा विचारमा परिपक्व राजनीति गर्ने जो कसैले पनि सामाजिक सञ्जालमा आएका सुचना र विचारहरूलाई राम्रोसँग छानविन गरेर तथ्य पत्ता लगाउनतिर गएर र वास्तविकतामा पुगेर मात्रै यसलाई प्रयोग गर्छ, विश्वास गर्छ र त्यसप्रति आफ्नो धारणा बनाउँछ। तर यतिवेला हाम्रो मुलुकमा भने सामाजिक सञ्जालमा आएका कतिपय अनर्गल र भ्रामक सुचनाहरूलाई आधार बनाएर आफ्ना धारणा सार्वजनिक गर्ने, एकले अर्कोलाई उछित्तो काढ्ने, फरक विचार र पार्टी, संस्थाहरूप्रति छन् । यस्तो कार्य कतिपयले भ्रमबस र असावधानिपूर्वक गरिहेका छन् भने कतिपयले सचेततापूर्वक र योजनावद्ध तरिकाले गरिरहेको पाइन्छ ।

यतिखेर नेपालमा फेग (झुट्ठा, अनर्गल, तथ्यहीन) समाचार तयार गर्ने विभिन्न नामका अनलाइन, युटुव, फेसबुक आदि सञ्जालहरू रहेका छन्। तिनले कतिवेला कस्को तेजोवध गर्नु छ र कस्लाई बदनाम गर्ने, खुइल्याउने गर्नु छ त्यसैअनुसार फेग समाचार तयार गर्छन् र सामाजिक सञ्जालमा पोष्ट गरेर भाइरल बनाउँछन् । त्यही समाचारलाई फलो गरेर धारणा बनाउने र भ्रम छर्ने कार्यमा कथित् भइरहेको 'योहो टेलिभिजन'मा पत्रकार जीवराम भण्डारीलाई लामै अन्तरवार्ता दिनु भयो । उक्त अन्तरवार्तामा पत्रकारले पूर्व राजा र राजतन्त्र पक्षधर शक्तिलाई अहिलेको राष्ट्रिय राजनीतिको एउटा पोल (शक्ति) बताउँदै त्यसप्रति तपाइँहरूको बुझाई केहो भन्ने सन्दर्भबारेमा एउटा प्रश्न सोधे । त्यस प्रश्नको जवाफ दिने क्रममा महासचिव किरणले प्रष्ट शब्दमा राजतन्त्र कुनै हालतमा फर्किन नसक्ने, त्यसलाई आफूहरूले पनि स्वीकार नगर्ने, समाप्त भइसकेको राजतन्त्र र राजालाई शक्तिमा ल्याउने कुरा किमार्थ व्यवहारिक नहुने धारणा बाँकी २ पेजमा

# सम्पादकीय

## संसदीय व्यवस्था विघटनको दिशामा

अन्ततः कार्यपालिकामा न्यायपालिकाले भागबण्डा खोजेको र भागबण्डा गरिएको कुरा प्रमाणित हुन पुगेको छ । बोल कबोल(सेटिङ)बाट नै शेरबहादुर देउवा परमादेशबाट प्रधानमन्त्रीमा नियुक्त हुन पुगेका रहेछन् भन्ने प्रमाणित हुन पुग्यो । प्रधानन्यायाधीश चोलेन्द्र शमशेर राणाले मन्त्रीमा भागबण्डा खोजेको आरोप लागिरहेका बेला प्रधानमन्त्री देउवाले प्रधानन्यायाधीशकै नातेदार गजेन्द्र हमाललाई उद्योगमन्त्री बनाएका छन् ।

प्रधानमन्त्रीको दल नेपाली कांग्रेससँग पुरानो साइनो जोडिए पनि हमाल प्रधानन्यायाधीश राणाको कोटाबाट मन्त्री बनेका हुन् । कांग्रेसको सक्रिय राजनीतिबाट टाढा भइसकेका हमाल एकाएक मन्त्री बन्नुको कारण प्रधानन्यायाधीश राणा नै हुन् भन्ने घटनाक्रमले पुष्टि गरेको छ ।

पूर्ववर्ती सरकारको नेतृत्व गरेका केपी ओलीद्वारा दोस्रो पटक विघटित संसद पुनःस्थापनामा भूमिका खेलेका कारण समेत प्रधानन्यायाधीश राणाले मन्त्रीको बार्गेनिङ गरेको जानकारहरूको दाबी छ । यो दाबी किन पनि सत्यको नजिक छ भने हमाल अहिलेको सक्रिय राजनीतिक वृत्तमा कतै देखा परेका पात्र होइनन् । गैरसांसद व्यक्ति हमाल अचानक मन्त्री बन्नुले यसमा न्यायालयको भूमिका कारक बन्न गएको देखिन्छ । अहिलेको मन्त्रिपरिषद्मा हमाल मात्र सांसद नभए पनि मन्त्री बन्ने पात्र हुन् ।

यस्तो पृष्ठभूमिमा अन्ततः कांग्रेस कार्यकर्ताको लेप लगाउँदै प्रधानन्यायाधीश राणाले आफ्नो स्वार्थपूर्ण पात्रलाई कार्यपालिकामा लगेरै छोडे । फेरि प्रधानन्यायाधीश राणाको प्रवृत्ति पनि खास फैसालपछि राजनीतिक लेनदेन गर्ने किसिमकै छ । तत्कालीन सत्ताधारी दल नेकपाको आन्तरिक शक्ति संघर्ष चुलिँदै गएपछि राणाले नजानिँदो गरी एउटा पक्षबाट लाभ लिएको उदाहरण छ । पूर्ववर्ती सरकारले अध्यादेशमार्फत गरेको संवैधानिक पदाधिकारी नियुक्तिको विवादस्पद निर्णयमा प्रधानन्यायाधीश राणासमेत अंशियार बनेका थिए ।

गत ३० मंसिरमा तत्कालीन ओली सरकारले आफू अनुकूल वैठक सञ्चालन गर्न मिल्ने गरी अचानक अध्यादेश ल्याएको थियो । परिषद् बैठकमा अध्यक्षसहित चारजना सदस्य अनिवार्य उपस्थित हुनुपर्ने प्रावधानलाई सरकारले अध्यादेशमार्फत तीन जना मात्रै उपस्थित भए पनि बहुमतका आधारमा निर्णय गर्न सक्ने गरी संशोधन गरेको थियो । त्यसपछि प्रधानमन्त्री ओलीसहित प्रधानन्यायाधीश राणा र राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिना उपस्थित बैठकले ३८ जना पदाधिकारी नियुक्ति सिफारिस गरेको थियो । यीमध्ये ३२ जनाले मात्रै नियुक्ति लिए । यो नियुक्तिमा प्रधानन्यायाधीश राणाका एक दर्जन पदाधिकारी अटाएका छन् । यो नियुक्तिमा अहिलेका प्रधानमन्त्री देउवाको समेत समर्थन रहेको बताइएको थियो । प्रमुख प्रतिपक्षी दलको नेताको हैसियतले देउवा अध्यादेशमार्फत डाकिएको बैठकमा सहभागी नभए पनि अंशियारी भने लिएका थिए । यो मुद्दाले सर्वोच्च अदालतमा सुनुवाइ कुरेर बसिरहेको अवस्थामा कांग्रेससँग इतिहास भएका तर वर्तमान नभएका पात्र हमाललाई देउवा र प्रधानन्यायाधीश राणा मिलेर मन्त्रीमा ल्याएका छन् ।

ओली सरकारले गरेको पछिल्लो संसद विघटनलाई राणासहितको संवैधानिक इजलासले बदर मात्र गरिदिएन समय तोकेरै प्रधानमन्त्रीमा शेरबहादुर देउवालाई नियुक्ति गर्नु भन्ने परमादेश दियो । यही फैसलाको पृष्ठभूमिमा राणाले मन्त्रिपरिषद्मा आफ्नो भागबण्डा हात पार्न सफल भएका छन् । प्रधानन्यायाधीशले सरकारमा भागबण्डा लिएको सम्भवतः विश्वमै यो दुर्लभ घटना हो । यो परिघटनाले संवैधानिक मान्यता तथा संसदीय लोकतान्त्रिक पद्धतिलाई नै धराशायी तुल्याउनेछ; शक्ति पृथकीकरण र नियन्त्रण तथा सन्तुलनको सिद्धान्तलाई लत्याउनेबित्तिकै व्यवस्था नै विघटनोन्मुख हुने संविधानविदहरुको विश्लेषण छ ।

यी सबै घटना प्रक्रियाहरु व्यवस्था विघटनका लक्षणहरु हुन् । नेकपा (क्रान्तिकारी माओवादी)ले भने भैं संसदीय व्यवस्था पूर्ण रुपमा असफल भएको यी लक्षणहरुले पुष्टि गर्दछ । यो व्यवस्था कति भ्रम, निकम्मा र नालायक छ भन्ने कुरा देउवा र चोलेन्द्रको साँठगाँठ र लेनदेनले प्रष्ट पारेको छ । यो व्यवस्थाले अब जनताको आक्रोशको आँधिबेहरीको मात्र प्रतीक्षा गरिरहेको छ ।

परिवर्तनको सम्वाहक




सत्यतथ्य निष्पक्ष खबर तथा विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौं।

www.moolbato.com

# क्रान्तिकारीहरू फलाम गाल्ने आगोको मुस्लो बन्न सक्नुपर्छ



● पुष्प गोपाल श्रेष्ठ ●

नेपालमा कम्युनिष्ट आन्दोलन सफल हुन नसक्नु र क्रान्ति फस्ताउन नसकिरहुनुको मूल जड हो सर्वहारावर्गका महान नेता माओत्सेटुङगले भन्नु भए जस्तो - क्रान्ति हुन र गर्न क्रान्तिको तिन जादुगरि हतियार हुनु जरुरी छ, क्रान्तिकारी पार्टी, क्रान्तिकारी पार्टीको नेतृत्वमा क्रान्तिकारी जनसेना र क्रान्तिकारी संयुक्त मोर्चा । यी तिन मध्ये कुनै एकको अभावमा क्रान्ति सफल हुन सक्दैन । यस्तो स्थिति (क्रान्तिको तिन जादुगरि हतियार) निर्माण गर्न सच्चा कम्युनिष्ट पार्टी निर्माण हुनु जरुरी छ । नाम मात्रको क्रान्तिकारी कम्युनिष्ट पार्टी होइन । सच्चा कम्युनिष्ट पार्टी निर्माण गर्न र हुन भित्रैदेखि मालेमावादमा समर्पिट सच्चा मालेमावादी कम्युनिष्टहरुको लगनशिलताले मात्र क्रान्तिकारी कम्युनिष्ट पार्टी निर्माण गर्न सक्छ र हुन्छ ।

क्रान्तिकारी कम्युनिष्ट पार्टीलाई सदावहार क्रान्तिकारी बनाई, क्रान्ति हाँक्न सक्षम बनाई राख्न 'नेता होइन, नीति प्रधान' को सोचलाई क्रान्तिकारी सचेतता अपनाई पार्टीभित्र घुसपैठ हुन सक्ने र हुने क्रान्ति विरोधि गलत सोच, गलत प्रवृत्ति, गलत चिन्तन, दक्षिणपन्थी अवसरवाद, दक्षिणपन्थी नवसंशोधनवाद तथा सबैखाले प्रतिक्रियावादीहरु विरुद्ध पार्टीलाई सुदृढ बनाई राख्न जरुरी छ । जसको निम्ति क्रान्तिकारी पार्टीका सबै जिम्मेवार नेता तथा कार्यकर्ताहरु, आवश्यकता अनुरुप संचालन हुनु र गर्नुको सँगै जनसमूदाय माझ घनिष्ट सम्बन्ध कायम गरि पार्टी सुदृढिकरण अभियानमा सदा सकृय भई, फलामलाई गाल्ने आगोको मुस्लो बनि निर्भीक्तासाथ अग्रसरभई अग्रपङ्तिमा उभिन सक्नुपर्दछ । सरकारको काम कहिले जाला घाम भने जस्तो गलत मनोवृति त्यागि मार्क्सवाद-लेनिनवाद-माओवादी अडान र दृष्टिकोणमा अगिद भई क्रान्तिको ज्वालामा निर्भिक्तासाथ दर्‍होगरी उभिन सक्नुपर्दछ ।

आफ्नै मुलुकभित्र रहेर पनि अरुको दास दासि (पराय) बनी बाच्न बाध्ये जीवन भोगि आएका ती भारतीयहरु, विशेषतः भारतीय विस्तारवादी शासक गुटहरुको सोच र प्रवृत्ति भनेकै धाँत, छल र लुट-खसोत रहि आएको छ । यस्तो सोच र प्रवृत्ति आफै छुत्न पनि छुत्दैन र सहज रुपले छुताउन खोजेर छुताउन पनि सक्तैन । 'नानिदेखि लागेको बानि, मरे पछि मात्र छुत्छ' भने जस्तै, ती भारतीय विस्तारवादी र त्यस्का मतियारहरुको हेपा र मिचाहा प्रवृत्ति यो आज अहिले भर्खर मात्र उप्जेको होइन । तात्कालिन वृटिस साम्राज्यवाद (इष्ट इन्दिया)को चंगुलबाट सन् १९४७ सालमा आएर आफु मुक्त (स्वतन्त्र) भए लगतै देखि आफ्ना छिमेकी मुलुकहरु माथि गिद्ध दृष्टि गार्दै हेपा र मिचाह प्रवृत्तिलाई अख्त्या गरी थिचो-मिचो र हस्तक्षेप कार्य अपनाउँदै आएका छन् । हेपा र मिचाहा प्रवृत्तिका ती भारतीय विस्तारवादी र त्यसका मतियारहरुको बलमिचाइले, यो हाम्रो प्राणभन्दा प्यारो स्वतन्त्र, सार्वभमसत्ता सम्पन्न, भूअखण्ड राष्ट्रनेपालको साँध सिमा हडपेर भारतीय विस्तारवादका वर्तमान प्रधानमन्त्रि नरेन्द्र मोदिको नेतृत्व सरकारले लिम्पियाधुरा क्षेत्रभित्रका कालापानी र लिपुलेकलाई पुनःकब्जा गरी हजारौं सेना तैनाथ गरी नेपालीलाई भारत छिर्न नदिने तर भारतियहरुलाई खुल्लम खुल्ला नेपाल प्रवेश गर्न दिने रणनीति अख्त्या गरी नेपाल भारत सिमा क्षेत्रमा दादागिरी अपनाउन आउँदा पनि वर्तमान सरकार मदहोस बनि आनन्दित मनले बस्नु वर्तमान प्रधानमन्त्री शेरबहादुर देउवाको यो दलाली प्रवृत्ति प्रस्त झल्किन आइपुगेको छ ।

नेपालको इतिहासलाई जिम्मेवारी पूर्ण ढङ्गले अध्ययन चिन्तन मनन् गर्ने क्रममा, २०१८ सालमा लिम्पियाधुराको पूर्ण क्षेत्रको जनगणनाको नेतृत्व गर्नु हुने त्यस क्षेत्रका भुपु जोनल अधिकृत तथा वरिष्ठ पत्रकार भैरव रिसालद्वारा लिपिवद्ध उल्लेखित नेपालको क्षेत्रफलको दाता - विशाल नेपालको क्षेत्रफल ३ लाख ६७ हजार ५०५ वर्ग किलोभिटर थियो भने सुगौली सन्धि हुनु अधि नै २ लाख ४ हजार ९१७ वर्ग किलोमिटरमा खुम्चिन पुगे, त्यसमा पनि फेरी सुगौली सन्धिले त झन अरु खुम्च्याएर १ लाख ४७ हजार १८१ वर्ग किलो मिटरमा खुम्च्याइ दियो । देशको साँध-सिमा (क्षेत्रफल) यसरी एक पछि अर्को गरी खुम्चिँदै जानुको मुख्य कारण के हुनसक्छ र हुन्छ ? खासमा भन्नु पर्दा सत्ताधारी (सत्तासिन) हरुको राष्ट्रिय स्वाधिनता प्रति गैर जिम्मेवार सोच र तिनीहरुका मानसिक्ता हरहमेसा आफु सत्तासिन भइरहने सत्तालिप्सा र आफ्नो वर्गको हक-हित अनुरुप सदा सर्वदा देशको राज्य व्यवस्था कायम रहिरहोस भन्ने दुरासयपूर्ण सोचको परिणाम हो भन्नुमा दुईमत नहोला ।

हरहमेसा सत्तामा लेसोझैं ताँसिरहने मानसिक्तालाई निहाल्न सदियौं पुरानो इतिहासलाई कोत्याउने दुःख कस्त उठाउनु नै पर्दैन । मुलुकमा भएको ००७ सालको जनक्रान्ति सम्झौतामा टुङ्गिएको अधुरो क्रान्ति पछिका राजनैतिक गतिविधि र घटना क्रमलाई मात्र सच्चा देशभक्त र राष्ट्रवादी सोचले निहाल्दा यथेस्त रुपले देशको ऐतिहासिक घटनाक्रम छर्लङ्गिन आउँछ । २००७ सालमा भएको राजनीतिक परिवर्तनको नाउँमा जनप्रतिनिधिको रुपमा पहिलो प्रधानमन्त्री मातृकाप्रसाद कोइरालाले नेपाली सेनालाई प्रशिक्षण दिन भनी २००८ साल चैत्र २७ मा भारतीय सैनिक टोलीलाई निम्त्याएका थिए । त्यसै क्रममा चीन सीमातिर १८ ठाउँमा भारतीय सैनिक चेकपोष्ट राख्न दिए । त्यसैगरी उनैले नेपाल-भारत बिच कोशि सम्झौताको नाउँमा असमान सम्झौता गरी नेपालको जन-सम्प्रदा भारतीय विस्तारवादलाई हस्तान्तरण गर्ने शुरुको श्रृंखला थियो ।

त्यसैगरी २०१६ सालमा नेपाली काँग्रेसले जननेता भन्ने गरेका अर्का प्रधानमन्त्री विपि कोइरालाले नेपाल-भारत बिच गण्डक सम्झौता गरेका थिए । जसमा सर्त के राखिएको थियो भने नेपालले गण्डक उत्तर पूर्व नेपालका कतै पनि सिंचाई योजना बनाउने कुनै शब्दसम्म नपारिकन निरुत्साहित तरिकाले गरे र भारत तिर गण्डकमा बग्ने पानीको प्रवाहमा एक थोपा पनि घट्ने गरी अरु बाँध बनाउन पाइन्दैन भन्ने जस्ता पछाडिबाट आवाज नआउने वितीय गोलि हान्ने विस्तारवादी भारतको रणनीति सामू पुरै लम्पसार परी यस्ता लम्पसारवादीहरुले यस प्रकारको अनेकौं असमान सन्धि सम्झौता गर्दै आएका छन् ।

अहिले आएर नेपाली काँग्रेसका सभापति वर्तमान प्रधानमन्त्री शेरबहादुर देउवा र नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको साँधगाँथमा अमेरिकी साम्राज्यवादको चाहना अनुरुप अमेरिकी मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी) पारित गरी स्वतन्त्र सार्वभौम-सत्ता सम्पन्न भू-अखण्ड राष्ट्र नेपाललाई अमेरिकी साम्राज्यवादको उपनिवेश बनाई नेपाली भूमी भित्र चिन विरुद्धको रणक्षेत्र बनाई, स्वाभिमानी नेपाली जनसमुदायको प्राण भन्दा प्यारो देश नेपाललाई समुल नष्ट ध्वष्ट पार्न मरिहत्य गरी लागि पर्दै आइरहेका छन् । भने अर्को तिर एमसीसी परियोजना इण्डोप्यासिफिक रणनीतिलाई व्यवहारत कार्यान्वयन गरी तेश्रो विस्वयुद्ध सृजना गरी यसै मार्फत अमेरिकी साम्राज्यवाद आफु विस्वकै दादागिरी बनी मोजमस्ति गरी रमाई बस्ने अमेरिकी साम्राज्यवादको दुरासय मकसद देख्नमा आएको छ ।

हुनतः यो एमसीसी परियोजनाको सम्झौता पत्रमा चारवर्ष अघिनै यहि देउवाको नेतृत्व सरकारका अर्थमन्त्री ज्ञानेन्द्र बहादुर कार्कीले हस्ताक्षेर गरिआई भ्याइसकेका छन् । हाल पनि शेरबहादुर देउवाकै प्रधानमन्त्रीत्वमा सरकार छ र ज्ञानेन्द्रबहादुर कार्की कानुन मन्त्री रहेका छन् । तर पनि राष्ट्रघाति एमसीसी परियोजना संसदबाट अनुमोदन हुन्न र हुने सम्भावना छैन । किनभने नेपालका देशभक्त स्वभिमानी आम जनसमुदाय एमसीसी परियोजना विरुद्ध ब्यापक रुपमा देशब्यापी जनसागर उर्ली रहेको वर्तमान स्थिति छ । तर पनि वर्तमान सरकार अमेरिकी साम्राज्यवादको दलाली प्रवृत्तिमा लुब्ध भएर, नेपालका देशभक्त स्वाभिमानी आम जनसमुदायको सोच र धारणा विरुद्ध, एमसीसी परियोजनालाई जबरजस्ती संसदबाट अनुमोदन गर्ने धृष्टता अपनाउँछन् भने त्यस्ता देश र जनद्रोहीहरुलाई छानीछानी नृशंस तरिका अपनाई सत्ताबाट मात्र होइन अपितु देशबाटै घोक्रोठ्यांक लगाई निस्काशन गरी पठाउन नितान्त जरुरी छ ।

अहिले नेपालमा विकास हुँदैगरेको प्रतिक्रियावादी संकट तथा अन्तरविरोधहरुको तिक्तताको सन्दर्भमा प्रतिक्रियावादी एवम् नव-संशोधनवादीहरुको यो वा त्यो गुटको अराजनैतिक गठबन्धनमा नलागि विसुद्ध क्रान्तिकारी नीतिअनुसार गएर पार्टीलाई क्रान्तिकारी दिशामा अघि बढाउने राम्रो अवसर पैदा भएको छ । प्रतिक्रियावादी र नव-संशोधनवादीहरुले फैलाउने दुषित हावा हुरिका अगाडि नझुकी इतिहासका नकारात्मक अनुभवहरुबाट शिक्षा लिएर दृढतापूर्वक पार्टीको क्रान्तिकारी कार्यदिशा लागू गर्न अगाडि बढेर मात्र प्रतिकूलतालाई अनुकूलतामा फेरिन सकिन्छ भन्ने कुरा बुझ्नु जरुरी छ ।

मालेमावादी कम्युनिष्टहरुले अत्यन्तै महत्वकासाथ बुझ्नुपर्ने कुरो भनेको देश, काल र परिस्थिति भित्र खुम्चेर आत्मागत शक्ति कमजोर छ भनेर नेतृत्व मात्र ओगति बिरालो बाँदेर श्राद्ध गर्ने प्रथामा अल्झेर, क्रान्तिको माला जपेर बस्दैमा क्रान्ति आफै हुने कुरो होइन । क्रान्ति हुन र गर्न मार्क्सवादी-लेनिनवादी-माओवादी पठप्रर्दशणलाई आत्मासात गरी मालेमावादी अडान र दृष्टिकोण अनुरुप क्रान्तिकारी पठमा अग्रसर हुने मानसिकता निर्माण गरी, महान नेता लेनिनको दिव्य उपदेश -'मार्क्सवादी क्रान्तिकारीहरु कुनै पनि समय र परिस्थितिभित्र खुम्चेर बस्दैन, बरु समय र परिस्थितिलाई आफु अनुकूल बनाई हरहमेसा क्रान्तिकारी पठमा अगाडि बढिरहेको हुन्छ र अगाडि बढ्नु पर्दछ' लाई हृदयङ्गम गरी सच्चा क्रान्तिकारी कम्युनिष्टहरु हिम्मतकासाथ क्रान्तिकारी पठमा निरन्तर अगाडि बढ्न सक्नुपर्दछ ।

क्रान्तिकारी कम्युनिष्टहरुले यो कदापि भुल्नु हुन्न कि महान नेता लेनिनले 'हरहमेसा कम्युनिष्ट आदर्श अनुरुप व्यक्तिगत आचरणमा शुद्धता र संयमलाई अत्यन्त बढि जोड दिनु हुन्थ्यो । तर म यहाँ देखिरहेको छु, यहाँको वस्तुस्थिति विलकुल उल्टो, जस्तो कि यहाँका कतिपय कामरेडहरु आफु अवल दर्जाको सच्चा कम्युनिष्ट हुँ भनि सावित गर्न बडेबडेमानको सैद्धान्तिक लेख लेख्न र भाषण छाँत्न शिपालु तर व्यवहारमा भने सुन्ने, ती छद्मभेषी क्रान्तिकारीहरु दक्षिणपन्थी अवसरवाद तथा दक्षिणपन्थी नवसंशोधनवादको जवरजस्त प्रभावका कारण राजनैतिक एवम् संगठनात्मक प्रश्नसँगै व्यक्तिगत आचरण र नैतिकताको प्रश्नमा पनि पूँजीवादी अराजकता र छाडापनबाट मुक्त छैनन् । क्रान्तिकारी पार्टीको समस्याको मूलजड भन्नु नै यहि हो ।

क्रान्ति हुन र गर्न फेरिपनि क्रान्तिकारी कार्यदिशा र क्रान्तिकारी कार्यक्रम तर्जुमा गर्नु नै पर्याप्त होइन र हुन सक्दैन । अर्को कुरो क्रान्ति हुन र गर्न देशको वर्तमान वस्तुगतस्थिति क्रान्तिको लागि सकारात्मक भएर पनि के गर्ने, क्रान्तिकारीहरुको आत्मागत स्थिति कमजोर छ भनी हातमा हातबाँधी, पार्टीभित्र रहेको रहल-पहल विकृति र विसंगति, कमि कमजोरी, गलत प्रवृति, गलत सोच (चिन्तन), दक्षिणपन्थी अवसरवाद, दक्षिणपन्थी नवसंशोधनवाद तथा नवप्रतिक्रियावाद जस्ताको प्रभावलाई निर्मूल गरी पठाउने तिर नलागि यतिकै गतिछाडा तालले छुट दिइराख्ने हो भने आत्मागत शक्ति कमजोर मात्र होइन पार्टीमा अरु कल्पनासम्म गर्न नसकिने दुर्घटना नहोला भन्न सकिन्न । तसर्थ क्रान्तिकारीहरुले अत्यन्तै महत्वकासाथ हेक्का राख्नु पर्ने कुरो आत्मागत शक्ति कमजोर हुनु भनेको त्यो आफैमा एक गम्भिर रोग हो । जस्को निदान गरी रोगको उपचार आवश्यकता अनुरुप गर्नु नितान्त जरुरी छ । रोगको उपचार बिना आत्मागत शक्ति आफै तन्दुरुस्त भएर आउने कुरो होइन भन्ने कुरो क्रान्तिकारी कम्युनिष्टहरुले बुझ्नु जरुरी छ ।

क्रान्तिकारी पार्टीका सच्चा कम्युनिष्टहरुले आदम्वरी रवाफ र आडम्वरि जीवन शैलिबाट माथि उठी नेता हुनुको हुँकार छोडेर, व्यवहारतः शिष्ट बोली र सादाव्यवहारमा उत्रेर उत्पिडित जनसमूदायको मनजिती आत्मियता गाँस्न सक्नु पर्दछ । किन कि यो नै एक मात्र क्रान्तिको मूल आधार स्तम्भ हो र यसलाई सहि अर्थमा जागरुक बनाई, अधुरो रहिरहेको नयाँ जनवादी क्रान्तिलाई टुङ्गोमा पुऱ्याई यसै माध्यम वैज्ञानिक समाजवादमा फदको मार्ने यो एक भरपर्दो क्रान्तिकारी कार्य विधी हो । विना अपवाद यस विधीलाई प्रत्यक कामरेडहरुले आफ्नो जिम्मेवारी बोधका साथ व्यवहारतः कार्यक्षेत्रमा उत्रनु क्रान्तिकारी कम्युष्टिहरुको नैतिक दाइत्व हो ।

क्रान्तिको सन्दर्भमा भन्नुपर्दा, नेपालको राजनैतिक इतिहासलाई हामीले गौरगरी हेर्‍यौभने के कुरा प्रमाणित हुन आउँछ भने नेपाली पूँजीपतिवर्गले केहि विशेष ऐतिहासिक परिस्थितिहरुमा साम्राज्यवाद सामन्तवादको विरुद्ध संघर्षमा भाग लिन सक्छ र लिएका पनि छन् । अन्य परिस्थितिहरुमा सो वर्ग, आफ्नो आर्थिक तथा राजनैतिक कमजोरिको कारणले गर्दा धोकेवाजभई गद्दारी गर्न पुग्छन् । त्यसैले इतिहासको पाना पल्टाएर हामीले के सिक्न र बुझ्नु पर्छ भने नेपालमा हामीले गर्न खोजिरहेको साम्राज्यवाद-विरोधी, सामन्तवाद-विरोधी तथा यो संसदिय नवप्रतिक्रियावादी व्यवस्था विरोधी पूँजीवादी-जनवादी (नयाँ जनवादी) क्रान्ति एउटा यस्तो अभिभारा हो जसलाई पूँजीपतिवर्गको नेतृत्वमा सम्पन्न गर्न सकिँदैन, बरु सर्वहारावर्गको नेतृत्वमा मात्र सम्पन्न गर्न सकिन्छ ।

हामीले हरहमेसा यादगार बनाई राख्नु पर्ने यो नाभि सवाल सर्वहारावर्ग पूँजीपतिवर्गको पछि लाग्ने होकी पूँजीपतिवर्ग सर्वहारावर्गको पछि लाग्ने हो ? नेपाली क्रान्तिमा नेतृत् वग्रने उतरदायित्वको यो सवाल अत्यन्तै महत्वपूर्ण छ, किन भने जसमाथि क्रान्तिको सफलता वा असफलता निर्भर गर्दछ । हुनत हामीले यो नाभि सवालको दुवैपक्षको सकारात्मक र नकारात्मक अनुभवहरु दश वर्षिय महान जनयुद्धको क्रममा हासिल गरिसकेका कुराहरु हुन् । पूँजीपतिवर्गले सर्वहारावर्गको राजनैतिक नेतृत्वको अनुसरण गर्दाखेरि क्रान्ति कसरी अघिबढ्यो र पछि जनयुद्धका मूल नेतृत्व प्रचण्डको गल्ति (गद्दारी)ले गर्दा सर्वहारावर्ग पूँजीपतिवर्गको राजनैतिक पुच्छर बन्दाखेरि कसरी क्रान्ति पछिल्तिर धकेल्न पुग्यो । इतिहासको यस घटनालाई हामीले भुलेरै पनि दोहरिन दिनुहुन्न ।

मालेमावादी हामी वहुसंख्यक उत्पिडित जनसमूदायमाथि भरोसा राख्छौं र सम्पूर्ण परिस्थिति प्रति जिम्मेवारीपूर्ण ढङ्गले ध्यान केन्द्रित गर्छौं । क्रान्तिकारी पार्टी पंक्तिहरुमा पद प्रतिस्था र सुविधावादको एउटा प्रतिविम्व रहेको क्रान्तिकारी पठबाट भागेका भगुवाहरुको पुच्छरवादलाई पुनर्जिवित हुन दिनु हुँदैन । पार्टीको वर्ग अदानलाई कमजोर पारिएमा, त्यसका विशिष्ट लक्षणहरुलाई अस्पष्ट बनाइएमा, पद, प्रतिस्था र सुविधावादका खाँचोहरु पुरा गर्नका लागि मजदुर किसान तथा वहुसंख्यक उत्पिडित जनसमुदायका हितको वलिदान गरिएमा, क्रान्ति अवश्य पनि पराजित हुनेछ । हामी यस अर्थमा सचेत हुनैपर्छ किनभने दह्रो क्रान्तिकारी नीति कार्यान्वयन गरी पूँजीवादी जनवादी (नयाँ जनवादी) क्रान्तिमा पूर्ण विजयका लागि प्रयासरत छौं । र उपर्युक्त अवाञ्छनिय प्रवृतिहरुलाई हटाउनका लागि, सम्पूर्ण पार्टीको मार्क्सवादी-लेनिनवादी-माओवादी सैद्धान्तिक स्तरलाई उठाउनु अत्यन्त जरुरी छ, किनभने मार्क्सवाद-लेनिनवाद-माओवाद मात्र त्यस्तो शिक्षा दिग्दर्शक यंत्र हो जसले नेपाली क्रान्तिलाई विजय तर्फ मार्गदर्शन गर्नसक्छ ।

*२०७८/६/१८*
*ताहाचल, काठमाडौँ*

## सामन्तवाद...

राख्नु भयो । किरणले राजतन्त्र नेपालमा इतिहास बनिसकेको र इतिहास नदोहोरिने बताउँदै हरेक क्रान्तिपछि नयाँ राज्य व्यवस्था स्थापना हुने ऐतिहासिक द्वन्द्ववादी नियम भएको कुरा प्रष्टताका साथ बताउनु भएको छ । अब कसैले चाहेर पनि राजतन्त्र फर्काउन नसक्ने उहाँको धारणा थियो । बरू उहाँले हिजोका दिनमा राजा एउटा शक्ति भएको र अहिले पनि त्यसका पक्षधरहरू रहेकाले नेपालको राजनीतिमा एउटा शक्ति त हुन सक्छ तर त्यो शक्तिले पुरानै अवस्थाको सोचबाट नभई नयाँ ढङ्गले राष्ट्रियता, जनतन्त्र र जनजीवीकाको सवालमा देशभक्त भएर आएको खण्डमा आफूहरूले पुरानै सोचबाट नहेरी सहकार्य गरेर जानसक्ने आसयको जवाफ दिनुभयो । यो एकदम सही नै छ । किनकि पार्टीका तीन जादूगरी हतियार मध्य संयुक्त मोर्चालाई देशभक्त, प्रगतिशील र वामपन्थीहरूको संयुक्त मोर्चा बनाएर पार्टीको रणनीतिक कार्य पूरा गर्न सामन्तवाद, विस्तारवाद र साम्राज्यवादका साथै अहिलेको दलाल नोकरशाही पूँजीवादी व्यवस्थाको अन्त्य गरी जनवादी गणतन्त्र ल्याउन लड्नु पर्छ भन्ने नीति पार्टीले लिएकै छ । त्यस सन्दर्भमा हामी देशभक्तका रूपमा आउँछौं भनेर आएमा पूर्वाग्रही भएर हेर्न नहुने किरणको तर्क स्पष्ट रूपमा व्यक्त भएको छ । साथै उहाँले त्यही अन्तरवार्तामा राजतन्त्र फर्किने कुरा हुँदैन र फेरी श्रीपेच लगाएर आउने चेष्टा पूर्व राजाले गर्नु सही र ठिक होइन भन्ने कुरा पनि प्रष्टसँग भन्नुभएको छ । यति प्रष्ट अन्तरवार्तालाई विभिन्न अराजक र प्रायोजित मिडियाहरूले 'मोहन वैद्यले राजतन्त्र स्वीकार गरे' भनेर अनर्गल प्रचार गरेर जनतामा भ्रम छर्ने कुचेष्टा गरिरहेका छन् । यिनै भ्रमपूर्ण समाचारको पछि लागेर कतिपय आफ्नै फार्टीपङ्क्तिका नेता कार्यकर्ताहरू र वुद्धिजीवीहरू तथा अन्य आम वुद्धिजीवी, क्रान्तिकारी शक्तिका जनतामा पनि भ्रम परिरहेको छ । त्यसैले भ्रम चिर्नका लागि पार्टी प्रवक्ताले वक्तव्य नै जारी गरेर बरू त्यो अन्तरवार्ताको पूरै अंश सुन्नका लागि आग्रह समेत गरिएको छ ।

नेकपा (क्रान्तिकारी माओवादीको) को प्रष्ट धराणा भनेको नेपालमा नयाँ जनवादी गणतन्त्र स्थापना गरेर वैज्ञानिक समाजवाद स्थापना गर्दै साम्यवादमा पुग्ने हो । दश वर्षको महान् जनयुद्ध नयाँ जनवादी गणतन्त्र प्राप्तिका लागि लडिएको दीर्घकालिन जनयुद्ध थियो । सामन्तवाद, विस्तारवाद र साम्राज्यवादका विरुद्ध हतियार उठाएको पार्टीले सामन्तवादको राजनीतिक संस्था राजतन्त्रलाई स्वीकार्ने प्रश्न नै हुँदैन । राजतन्त्रको नेतृत्व र छत्रछायाँमा हुर्केको शाहीसेना विरुद्ध जनताको आफ्नै जनमुक्ति सेना तयार गरेर जनयुद्ध लडेको पार्टीलाई समाप्त भइसकेको राजतन्त्रको पक्षमा लाग्यो भन्नु दलाल पुँजीवादीहरूको क्रान्तिकारीहरूका विरुद्ध गरिएको वान्ता मात्रै हो । राजतन्त्र ढल्नुको मुख्य कारण जनयुद्ध नै थियो । यो त दिनको घाम जत्तिकै छर्लङ्ग छ । सामन्तवादको राजनीतिक नेतृत्व राजतन्त्रले गर्दथ्यो । आज राजतन्त्र ढलेको छ तर सामन्तवादको सांस्कृतिक विरासत ढलेको छैन । साथै नेपालको उत्पादन सम्बध अझैपनि सामन्तवादी चरित्रको छ । त्यसैले सामन्तवादको नायक राजतन्त्र ढले पनि त्यसको विरासत आजका संसदवादी राजनीतिक दलहरूले बोकिरहेका छन् । त्यसैले सामन्तवादसँगको क्रान्तिकारी कम्युनिस्टहरूको लडाइँ अझै सकिएको छैन । अझै पनि देश अर्धसामन्तवादी अवस्थामै रहेको छ । तसर्थ क्रान्तिकारी कम्युनिस्टहरूको दुई कार्यभार मध्य एउटा घरेलु सामन्तवादको अवशेष समाप्त पारेर देशमा जनवादी गणतन्त्र स्थापना गर्नु हो भने अर्कोतर्फ विस्तारवाद र साम्राज्यवादी हस्तक्षेपका विरुद्ध राष्ट्रिय स्वाधीनताको लडाइँ लडेर देशलाई पूर्ण रूपमा स्वतन्त्र र स्वाधीन बनाउनु छ । यी दुई कार्यभार पूरा नगरी नेपालमा वैज्ञानिक समाजवादको स्थापना गर्न सकिँदैन ।

जनयुद्धका क्रममा शत्रुशक्तिलाई कमजोर बनाउन उनीहरूका बिचको अन्तरविरोधमा खेलेको कुरा साँचो हो र त्यसो गर्नु आवश्यक थियो । कमजोर शक्तिले बलियो शक्तिलाई पराजित गर्न शत्रुशक्तिमा अन्तरविरोध पैदा गर्न र त्यसलाई सही ढङ्गबाट परिचालन गर्नु पर्थ्यो नै । त्यही कुरालाई लिएर कतिपय प्रतिकृयावादी र दलाल पुँजीवादका मतियार शक्तिहरूले माओवादीले राजतन्त्र स्वीकार गऱ्यो भन्दछन् । यसो भन्नु उनीहरूको भ्रम र माओवादीलाई बदनाम गराउने कुत्सित मनसाय मात्र हो । यतिखेर महासचिव किरणले अन्तरवार्तामा सोधिएको प्रश्नको जवाफ दिने क्रममा हिजोको राजा वा राजावादी शक्तिहरूले सच्चिएर राष्ट्रिय स्वाधीनताको लडाइँमा क्रान्तिकारीहरूलाई साथ दिन नयाँ ढङ्गले सौँच्नुपर्छ भन्नु अन्यथा कुरो होइन । भारतीय शाषक वर्गबाट नेपालको भूमि अतिक्रमण भएको, एमसीसी जस्तो राष्ट्रघाती परियोजना मार्फत् अमेरिकी सत्ता नेपालमा प्रत्यक्ष हस्तक्षपमा उत्रिरहेको, नेपालका सत्तासिन र संसदवादी दलहरूले विस्तावाद र साम्राज्यवादको नाङ्गो दलाली गरिरहेको अवस्थामा नेपालका देशभक्त शक्तिहरू र क्रान्तिकारी शक्तिहरू एक भएर स्वाधीनता र वास्तविक जनगणतन्त्रका निम्ति लड्नु अनिवार्य कुरा हो । यो यतिवेलाको जरुरी महत्वको विषय हो । यही कुरालाई लिएर महासचिव किरणले पार्टीको स्पष्ट धारणा राख्नु भएको छ । पुरानो शक्ति नयाँ ढङ्गले देशभक्त भएर उभिन्छ र जनताको परिवर्तनकामी आन्दोलनलाई साथ दिन तयार हुन्छ भने पुर्वाग्रही भएर हेर्नु राजनीति चरित्र हुाष्दैन । यसको अर्थ राजतन्त्र फर्काउने भन्ने कुरा होइन । अव नेपालबाट राजतन्त्र सदा सर्वदाकालका लागि समाप्त भएको छ । राजतन्त्रको भुतबाट कोही तर्सिनु जरुरी छैन ।

यतिबेला नेपालमा राजतन्त्र छैन । बुर्जुवा गणतन्त्र स्थापना भएको छ । यसलाई उनीहरू लोकतान्त्रिक गणतन्त्र भनेर नाम दिएका छन् । हिजोको राजतन्त्रको छत्रछायाँमा हुर्केको संसदीय बहुदलीय व्यवस्थाका तुलनामा यो व्यवस्था एक कदम प्रगतिशील छ । तर यो उत्पीडित वर्गका जनताको व्यवस्था होइन । त्यसैले आज जनयुद्धका नायक भनिएका केही नेताहरूले जनयुद्धलाई प्रतिकृयावादी वर्गको हातमा बुझाएर त्यसको हत्या गरेपनि जनयुद्धको कार्यभार अझै पूरा भएको छैन । त्यो पूरा गर्ने जिम्मेवारी आजका क्रान्तिकारी पार्टी र जनताको हातमा आएको छ ।

अहिलेको व्यवस्थाबाट जनता वाक्क दिक्क भएका छन् । यसको विकल्प जनताले खोजिरहेका छन् । क्रान्तिको निम्ति वस्तुगत आधार यति धेरै परिपक्व भएको छ तर क्रान्तिकारी शक्ति छिन्नभिन्न अवस्थामा छ । सङ्गठित शक्तिको आत्मगत अवस्था कमजोर छ । यतिबेला परिस्थितिले तुरुन्तै हतियार उठाएर सशस्त्र सङ्घर्ष गर्ने कुराको माग गरिरहेको छ । तर तुरुन्त हतियार उठाउने शक्ति कमजोर अवस्थामा छ । तसर्थ शक्ति सञ्चय गर्ने र तयारीका काम पूरा गर्नु आवश्यकता छ । तसर्थ क्रान्तिकारी कम्युनिस्ट पार्टीको काँधमा यतिखेर राष्ट्रिय स्वाधीनता र जनतन्त्रका निम्ति देशभक्त, वामपन्थी, जनवादी शक्ति र क्रान्तिकारी कम्युनिस्टहरूलाई गोलबन्द गर्ने दायित्व आएको छ । यो कार्य मालेमावाद प्रति प्रतिवद्ध र स्पष्ट विचार बोकेको पार्टीले मात्रै गर्न सक्छ । यो कार्यको नेकपा (क्रान्तिकारी माओवादी)ले मात्रै नेतृत्व गर्न सक्छ र गर्नु पर्छ ।

अहिले पनि नेपालको राजनीतिक लडाइँमा त्रिपक्षीय शक्ति सन्तुलन छ । एउटा पक्ष दलाल संसदीय पुँजीवादी गणतन्त्र पक्षधर शक्तिहरू छन् । त्यसमा नेपाली काङ्ग्रेस, एमाले, माओवादीकेन्द्र, नेकपा एस, जसपा लगायतका राजनीतिक पार्टीहरू छन् । यिनीहरूका बिचमा पार्टीको नाम मात्रै फरक हो । राजनीतिक लक्ष्य, उद्देश्य, कार्यक्रम, कार्यशैली, राजनीतिक आचरण र संस्कारमा कुनै भिन्नता छैन । यसले यथास्थितिवादको पक्षपोषण गर्दछ । दोस्रो शक्ति भनेको प्रतिगामी शक्ति हो । यसमा राप्रपा, राजावादी शक्तिहरू, पूर्व राजा ज्ञानेन्द्र शाह र उसको पारिवारिक एवम् भारदारी शक्ति र केही धार्मिक सङ्घ संस्थाहरू लगायत रहेका छन् । यिनीहरू नेपालमा पुरानै राजतन्त्र र हिन्दू राज्य स्थापना गर्न चाहन्छन् । यसलाई राजनीतिक भाषामा सामन्तवादी शक्ति भन्न सकिन्छ । यद्यपि सामन्तवादी संस्कार संस्कृति र राजनीतिक चरित्र त अहिलेका संसदवादी पार्टीहरूमा पनि प्रचुर मात्रामा छ । तेस्रो शक्ति भनेको जनवादी गणतन्त्र पक्षधर क्रान्तिकारी कम्युनिस्टहरू छन् । जसमा नेकपा (क्रान्तिकारी माओवादी), विप्लव समुहको नेकपा, नेकपा मसाल, लगायत विभिन्न कम्युनिस्ट नामका पार्टीहरूमा छरिएर रहेका क्रान्तिकारी कम्युनिस्टहरू पर्छन् । तर यो शक्ति एक ढिक्का भएर सङ्गठित हुन सकेको छैन । त्यसैले पनि यथास्थितिवादीहरू र प्रतिगामी शक्तिहरूले टाउको उठाउने र सत्तामा हालिमुहाली गर्ने अवसर पाइरहेका छन् । यसका विरुद्ध सबै सचेत क्रान्तिकारी कम्युनिस्टहरू एक हुन आवश्यक छ । साथै देशभक्त, जनवादी शक्तिहरू पनि राष्ट्रिय स्वाधीनताको लडाइँमा क्रान्तिकारी कम्युनिस्टहरूको नेतृत्वमा मोर्चावद्ध भएर गोलबन्द हुन जरुरी छ ।

## विचार...

कार्यक्रममा जिल्ला जनगणतान्त्रिक सम्पर्क मञ्चका इन्चार्ज फुर्नाम्गेल मोक्तानले पनि मन्तव्य राख्नु भएको थियो ।

सम्पर्क मञ्चका अध्यक्ष विष्णु खड्काको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रमको सञ्चालन धर्म बिसीले गर्नुभएको थियो भने स्वागत मन्तव्य अर्जुन बोगटीले गर्नुभएको थियो ।

पार्टी महासचिव मोहन वैद्य किरणको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा पार्टी पिविएम इन्द्रमोहन सिग्देल, पवनमा श्रेष्ठ, सुरेश श्रेष्ठ, क्रान्तिकारी युवा लिगका अध्यक्ष अमीर महर्जन, अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघका अध्यक्ष इश्वर तिमिल्सिना, अखिल क्रान्तिकारीका अध्यक्ष हरिकृष्ण गजुरेल, जनस्वास्थ्य संगठनकी संयोजक इन्दिरा अधिकारी, पार्टी केसहरु गगन, सोमान, वसन्त लगायतका नेताहरुको उपस्थिति रहेको थियो ।

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७८ को अवसरमा सम्पूर्ण वडावासी तथा परिवारहरूमा सुख, समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना !

देवबहादुर शाही, वडाअध्यक्ष — जगतप्रसाद दाहाल, सचिव

४ नं. वडा कार्यालयलगायत सम्पूर्ण परिवार

**जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं**

*व्यक्तिगत दर्ता कहाँ गर्ने ?*
जन्म, मृत्यु, विवाह, बसाइँसराइ, सम्बन्धबिच्छेदजस्ता व्यक्तिगत घटनाहरु घटना घटेको ३५ दिनभित्र आफू बस्ने नगरपालिका वा गाउँपालिकाको स्थानीय पञ्जीकाधिकारीकहाँ गई दर्ता गराउनु हुन अनुरोध गरिन्छ ।

# महाभु गाउँपालिका
दैलेख

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७८को अवसरमा सम्पूर्ण वडावासी तथा परिवारहरूमा सुख, समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना !

जगत हमाल, वडाअध्यक्ष — टोपबहादुर शाही, सचिव

कार्यालय सहयोगी : मानबहादुर शाहीलगायत ५ नं. वडा कार्यालय परिवार

**जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं**

*व्यक्तिगत दर्ता कहाँ गर्ने ?*
जन्म, मृत्यु, विवाह, बसाइँसराइ, सम्बन्धबिच्छेदजस्ता व्यक्तिगत घटनाहरु घटना घटेको ३५ दिनभित्र आफू बस्ने नगरपालिका वा गाउँपालिकाको स्थानीय पञ्जीकाधिकारीकहाँ गई दर्ता गराउनु हुन अनुरोध गरिन्छ ।

# महाभु गाउँपालिका
दैलेख

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७८को अवसरमा सम्पूर्ण वडावासी तथा परिवारहरूमा सुख, समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना !

डम्बरबहादुर थापा, वडाअध्यक्ष — गंगबहादुर बुढा, सचिव

कार्यालय सहयोगी : कमलबहादुर थापालगायत ६ नं. वडा कार्यालय परिवार

**जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं**

*व्यक्तिगत दर्ता कहाँ गर्ने ?*
जन्म, मृत्यु, विवाह, बसाइँसराइ, सम्बन्धबिच्छेदजस्ता व्यक्तिगत घटनाहरु घटना घटेको ३५ दिनभित्र आफू बस्ने नगरपालिका वा गाउँपालिकाको स्थानीय पञ्जीकाधिकारीकहाँ गई दर्ता गराउनु हुन अनुरोध गरिन्छ ।

# महाभु गाउँपालिका
दैलेख

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७८ को अवसरमा सम्पूर्ण वडावासी तथा परिवारहरूमा सुख, समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना !

वीरेन्द्रबहादुर शाही, वडा अध्यक्ष — हेमबहादुर थापा, सचिव

५ नं. वडा कार्यालयलगायत सम्पूर्ण परिवार

**जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं**

*व्यक्तिगत दर्ता कहाँ गर्ने ?*
जन्म, मृत्यु, विवाह, बसाइँसराइ, सम्बन्धबिच्छेदजस्ता व्यक्तिगत घटनाहरु घटना घटेको ३५ दिनभित्र आफू बस्ने नगरपालिका वा गाउँपालिकाको स्थानीय पञ्जीकाधिकारीकहाँ गई दर्ता गराउनु हुन अनुरोध गरिन्छ ।

# भैरवी गाउँपालिका
दैलेख

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७८ को अवसरमा सम्पूर्ण वडावासी तथा परिवारहरूमा सुख, समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना !

रामकृष्ण गुरुङ, वडाअध्यक्ष — कमलबहादुर महतारा, सचिव

सदस्य : सन्तबहादुर थापा (देसुवा),लल्ले दमाई, पशुपति सुनार, बसन कुमारी खत्री तथा २ नं. वडा कार्यालय परिवार

**जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं**

*व्यक्तिगत दर्ता कहाँ गर्ने ?*
जन्म, मृत्यु, विवाह, बसाइँसराइ, सम्बन्धबिच्छेदजस्ता व्यक्तिगत घटनाहरु घटना घटेको ३५ दिनभित्र आफू बस्ने नगरपालिका वा गाउँपालिकाको स्थानीय पञ्जीकाधिकारीकहाँ गई दर्ता गराउनु हुन अनुरोध गरिन्छ ।

# महाभु गाउँपालिका
दैलेख

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७८ को अवसरमा सम्पूर्ण वडावासी तथा परिवारहरूमा सुख, समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना !

हिरासिंह बडुवाल, वडाअध्यक्ष — शेरबहादुर बडुवाल, सचिव

३ नं. वडा कार्यालयलगायत सम्पूर्ण परिवार

**जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं**

*व्यक्तिगत दर्ता कहाँ गर्ने ?*
जन्म, मृत्यु, विवाह, बसाइँसराइ, सम्बन्धबिच्छेदजस्ता व्यक्तिगत घटनाहरु घटना घटेको ३५ दिनभित्र आफू बस्ने नगरपालिका वा गाउँपालिकाको स्थानीय पञ्जीकाधिकारीकहाँ गई दर्ता गराउनु हुन अनुरोध गरिन्छ ।

# महाभु गाउँपालिका
दैलेख

## हार्दिक शुभकामना

